# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## स्तरीकरण तथा जोखिम व्यवस्थापन विभाग

## ( आधारभूत स्तरीकरण कार्यक्रम)

# सफ्टवेयर प्रयोग निर्देशिका

राष्ट्रिय सहकारी बैंकले सहकारी संस्थाहरुको स्तर पहिचान एवं स्तरोन्नतीका लागि सहकारी स्तरीकरण कार्यक्रमको विकास गरेको छ । कार्यक्रमका चार ( आधारभूत, शाखा कार्यालय, राष्ट्रिय र अन्तराष्ट्रिय ) चरण मध्ये पहिलो चरणमा आधारभूत स्तरीकरण कार्यक्रम पर्दछ । जस अन्तर्गत बैंकले बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरुका लागि छुट्टा छुट्टै सूचांकहरुबाट संस्थाको यथार्थ अवस्था पहिचान एवं स्तर मापन गरी सुधारका लागि सुझावहरु प्रदान गर्दछ ।

## कार्यक्रमको उद्धेश्य:

- सहकारी संस्थाहरुको संचालनलाई व्यवस्थित गर्ने ।
- सहकारी संस्थाहरुमा गुणस्तरिय सुनिश्चितता कायम गर्ने ।
- सहकारी संघ/संस्था एवं अभियानको उच्च छवि निर्माण गर्ने ।

## आधारभूत स्तर:

सहकारी संस्थाहरुको स्तर पहिचान एवं स्तरोन्नतीका लागि विकास गरिएको यस आधारभूत तहको स्तरीकरण कार्यक्रमलाई व्यवस्थित गर्नका लागि बैंकले छुट्टै **सफ्टवेयरको** विकास गरेको छ । सफ्टवेयरको पहुँचमा भएका संस्थाहरुले बैंकले विकास गरेको सफ्टवेयरको माध्यमबाट आवेदन फारम भरि सिधै सफ्टवेयर भित्र गएर संस्थाको यथार्थ अवस्थाको जानकारीहरु नछुटाईकन भर्नु पर्नेछ । संस्थाको विद्यमान अवस्थाको आधारमा बैंकले संस्थाको स्तर मापन गर्नेछ । बैंकले संस्थाको अवस्थाका आधारमा सफ्टवेयर मार्फत नै सुधारका लागी सुझावहरु प्रदान गर्नेछ । बैंकबाट प्राप्त सुधारात्मक सुझावहरुका आधारमा सहभागि संस्थाले संस्थागत विकास गर्दै अगाडी बढ्नु पर्दछ ।

सफ्टवेयरको पहुँच भन्दा बाहिरका संस्थाहरुले बैंकको केन्द्रीय कार्यालय वा पायक पर्ने शाखा कार्यालयमा सम्पर्क गरी बैंकले विकास गरेको आधारभूत स्तरीकरण कार्यक्रमको आवद्धता फारम भरि कार्यक्रममा सहभागि हुन सक्नेछन् ।

बैंकका सदस्य संस्थाहरुले आफ्नो संस्थाका गतिविधिहरु सफ्टवेयरमा राखे पछि सस्थाको यथार्थ अवस्थाको बारेमा जानकारी पाउनेछन् । सदस्य संस्थाहरुको आवश्यकता र मागको संवोधन स्वरुप बैंकले यस कार्यक्रमलाई **निशुल्क** संचालन गरेकोछ । कार्यक्रममा निम्नानुसारका सूचांक र अंकभारहरु रहेकाछन् :

| **क.सं.** | **सहकारी** | **वित्तिय क्षेत्र** | | **गैरवित्तिय क्षेत्र** | |
|---|---|---|---|---|---|
| | | **सूचांक** | **अंकभार** | **सूचांक** | **अंकभार** |
| १ | **बचत तथा ऋण सहकारी संस्थाहरुका लागि** | १५ | ६० | ३० | ४० |
| २ | **बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरुका लागि** | ११ | ४० | ३० | ६० |


संस्थाको कूल प्राप्तांकको आधारमा यस तहको स्तरीकरण कार्यक्रममा संस्थालाई निम्नानुसार ६ भागमा वर्गीकरण गरिएको छ:

| **क.सं.** | **प्राप्तांक** | **आधारभूत स्तर** |
|---|---|---|
| १ | ९० वा सो भन्दा बढी भएमा | **NCBL Basic Standard A** |
| २ | ७५ देखि ८९ सम्म | **NCBL Basic Standard B** |
| ३ | ६० देखि ७४ सम्म | **NCBL Basic Standard C** |
| ४ | ४५ देखि ५९ सम्म | **NCBL Basic Standard D** |
| ५ | ३० देखि ४४ सम्म | **NCBL Basic Standard E** |
| ६ | ३० भन्दा कम | **NCBL Basic Standard F** |


## सफ्टवेयर प्रयोग

बैंकले प्रयोगकर्ताको सहजताका लागि सरल प्रकृतिको सफ्टवेयरको विकास गरेको छ । यसमा सहकारी क्षेत्रमा प्रयोग गरीने सामान्य नेपाली शब्दहरुको प्रयोग गरिएको छ। बैंकले आफ्नो Website भित्र स्तरीकरण कार्यक्रम शिर्षक अन्तर्गत यो सफ्टवेयर राखेको छ । स्तरीकरण कार्यक्रम भित्र गएर तलका निर्देशन बमोजिम प्रयोगकर्ता सहज रुपमा अगाडी बढ्न सक्नेछन् । प्रयोगकर्ताको सहजताको लागि बैंकले तयार गरेको निर्देशन (नम्बर १ देखि २४ सम्म ) लाई आधार मानेर अगाडी बढ्न सक्नुहुनेछ । यस भित्र कुनै समस्या आएमा बैंकको स्तरीकरण विभागामा सम्पर्क ( standard@ncbl.coop ) गरी तुरुन्त समाधान प्राप्त गर्न सक्नुहुनेछ ।


१. आफ्नो web browser ( जस्तै:- तल highlight गरिएको ठाऊँ ) मा राष्ट्रिय सहकारी बैंकको website ( http://ncbl.coop ) type गरि enter गर्नुहोस् ।





२. सो Website को स्तरीकरण कार्यक्रम ( जस्तै:- तल highlight गरिएको ठाऊँ ) मा Click गर्नुहोस् ।




३.दर्ता गर्नका लागि तल highlight गरेको ठाउँ (दर्ता गर्नुहोस्) मा click गर्नुहोस् ।





४. देखिएको फारममा highlight गरेको ठाऊँहरु जस्तैः- संस्थाको नाम, ठेगाना, बैकंको सदस्यता नं. लगायतका सम्पूर्ण यथार्थ विवरणहरु भर्नुहोस् । अगाडि बढ्नको लागि highlight गरेको ठाऊँ (दर्ता गर्नुहोस्) मा click गर्नुहोस् ।




५. अझ अगाडी बढ्नको लागि तल highlight गरेको ठाऊँ (अगाडी बढ्नुहोस) मा click गर्नुहोस् ।





६.अगाडी बढ्नको लागि तल दिईएको सुझाव अनुसार आफ्नो E-mail check गर्नुहोस् ।




७. अब आफ्नो mail मा बैकंले पठाएको verify email address (जस्तै:- तल highlight गरेको mail ) देख्नुहुनेछ ।





८. र सो mail check गरि confirm मा click गर्नुहोस् ।




९. तपाईको फारम दर्ता प्रक्रियामा रहेकोले केहि समय पश्चात आफ्नो mail check ( जस्तैः- तल दिईएको सुझाव अनुसार ) गर्नुहोस् ।




१०. अब आफ्नो mail मा बैकंले पठाएको account approved mail (जस्तैः- तल highlight गरेको mail ) देख्नुहुनेछ ।




११. सो mail check गरि login मा click गर्नुहोस् ।





वा


१२.आफ्नो web browser (जस्तैः- तल highlight गरेको ठाऊँ ) मा राष्ट्रिय सहकारी बैंकको website ( http://ncbl.coop ) type गरि enter गर्नुहोस् । सो Website को स्तरीकरण कार्यक्रम ( जस्तैः- माथि २. मा highlight गरिएको ठाऊँ ) मा Click गर्नुहोस् ।




१३.तल highlight गरेको ठाऊँमा आँफुले अगाडी फारममा राखेको mail address र password type गरि लग इनमा click गर्नुहोस् ।





१४. तल highlight गरेको ठाऊँ ( फारम भर्नुहोस् ) मा click गरि अगाडि बढ्नुहोस् ।




१५. फारममा हालको यथार्थ वित्तिय विवरण भर्नुहोस् । सहि नतिजा र सुझावका लागि विवरणहरु यथार्थ हुनै पर्दछ ।





१६. फारमको अन्तिममा भएको बुझाउनुहोस् (जस्तै:- तल highlight गरेको ठाऊँ ) मा click गर्नुहोस् ।




१७. फेरि पनि बुझाउनुहोस् (जस्तैः- तल highlight गरेको ठाऊँ ) मा click गर्नुहोस् ।





१८. गैर वित्तिय विवरणका लागि छ वा छैन option मा click गर्नुहोस्। संस्थाको वास्तविक अवस्था पहिचान र आवस्यक सुझावका लागि यथार्थ विकल्पमा click गर्नै पर्दछ ।




१९. फारमको अन्तिममा भएको बुझाउनुहोस् (जस्तैः- तल highlight गरेको ठाऊँ ) मा click गर्नुहोस् ।





२०. फेरि पनि बुझाउनुहोस् (जस्तैः- तल highlight गरेको ठाऊँ ) मा click गर्नुहोस् ।




२१. अब बैंकमा पठाउनुहोस् (जस्तै:- तल highlight गरेको ठाऊँ ) मा click गर्नुहोस् ।





२२. अब तपाईबाट प्राप्त विवरणको आधारमा संस्थाको यथार्थ अवस्था र सुधारका लागि आवश्यक सुझावहरु देख्न सक्नुहुनेछ ।



२३. संस्थाको वास्तविक अवस्था र सुधारका लागि सुझाव समेत देख्नु हुनेछ। कूल प्राप्तांकको आधारमा A देखि F सम्मका तह मध्ये तपाइको संस्था कुन तहमा पर्न सफल भयो भन्ने थाहा पाउनु हुनेछ।




२४ प्राप्त नतिजा भविष्यको प्रयोगको लागि प्रिन्ट गरेर सुरक्षित राख्नुहोस् (जस्तैः- तल highlight गरेको ठाऊँ ) मा click गर्नुहोस्। र अब यसबाट बाहिर निस्कनको लागि लग आउट (जस्तैः- तल highlight गरेको ठाऊँ ) मा click गर्नुहोस्।



.................................................................................................................

<u>नोटः-</u> कार्यक्रममा आवद्धताका लागि एक पटक दर्ता गरे पश्चात पटक पटक दर्ता गरीरहनु पर्दैन । अर्को पटक/महिना फारम भर्नका लागि सफ्टवेयर प्रयोग निर्देशिकाको नम्बर १२ बाट सुरु गरी अगाडी बढ्नुहोस् ।